कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

# सिटि होटल लिमिटेड

CITY HOTEL

छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौं, नेपाल
पो.ब.नं. ८८०१, काठमाण्डौं ।
फोन न. ४६७१२००/४६७१२०१ फ्याक्स नं. ५३८१२३५,
इमेल : info@cityhotel.com.np, वेभसाइटः www.cityhotel.com.np

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरण-पत्र

सिटि होटल लिमिटेडको यस विवरणपत्र मार्फत् आफ्नो जारी पूँजी रु.१,६७,४०,००,०००।-(अक्षरेपी एक अर्ब सतसट्ठी करोड चालीस लाख मात्र) मध्ये १०% अर्थात रु.१६,७४,००,०००।- (अक्षरेपी सोह्र करोड चौहत्तर लाख मात्र) रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको १६,७४,००० कित्ता साधारण शेयरको १०% अर्थात १,६७,४०० कित्ता नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुका लागि छुट्टाइएको, ५% अर्थात ८३,७०० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र ४ प्रतिशतले हुन आउने ६६,९६० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीलाई छुट्टाई बाँकी रहेको १३,५५,९४० कित्ता धितोपत्र सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) को अधिनमा रही निष्काशन गरिने ।

साथै, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुका लागि छुट्टाइएको शेयर सम्पूर्ण बिक्री नभएमा बिक्री नभए बराबरको शेयर समेत समायोजन गरी सर्वसाधारण (सामूहिक लगानी कोष तथा कम्पनीका कर्मचारीहरुमा समेत) मा निष्काशन गरिने छ ।

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण :**

| विवरण | वास्तविक | | | आ.व. ०७९/०८० पुष मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९२.९६ | ९०.६८ | ८७.८३ | ७९.०४ | ७८.५५ | ७९.१४ | ८३.१५ |
| प्रति शेयर आम्दानी (रु.) | (२.२८) | (३.६३) | (२.९७) | (८.७९) | (१०.५०) | ०.५९ | ३.९७ |
| खुद मुनाफा/(नोक्सान) (रु. हजारमा) | (२१,३६९) | (३४,०५६) | (४४,६८३) | (१३२,४८०) | (१७५,७०९) | ९,८४९ | ६६,४६७ |

*नोट : **व्यवस्थापनबाट प्रमाणित** आ.व. ०७९/८० पुष मसान्तसमको अपरिष्कृत वित्तीय विवरण ।*

**दरखास्त साथ प्रति शेयर अंकित मूल्य रु.१००।- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग (८) को पेज नं. १९ र २० मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**यस विवरणपत्र मार्फत कम्पनीका कर्मचारीहरुका लागि बिक्री वितरण गरिने शेयरहरु बाँडफाँट भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**इस्योर रेटिङ्ग सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्योर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट इस्योर रेटिङ्ग गराई **“CARE-NP BB+(Is)” “[Double B Plus (Issuer)”** प्रमाणपत्र प्राप्त गरेको छ । **“ CARE-NP BB+(Is)”** ले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको **दफा २२ (ट) पाना नं. ४४** मा उल्लेख छ ।

इस्योर रेटिङ्ग प्रदान गरेको मिति : २०७८/१२/२२ (तदनुसार अप्रिल ०५, २०२२) बहाल रहने अवधि मितिः २०८०/१२/२३ (तदनुसार अप्रिल ०५, २०२४)

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त मिति : २०७९/१२/०६ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता मिति : २०७९/१२/०८

धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८०/०१/२५ निष्काशन बन्द हुने मिति (छिटोमा) :२०८०/०१/२८ निष्काशन बन्द हुने मिति (ढिलोमा) :२०८०/०२/०८

***धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक***

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लिमिटेड
GROW WITH US

ग्लोबल आइएमई क्यापीटल लिमिटेड
पो.ब.नं.२१५९९, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौं
फोन नं. ०१–५९७०१३८ फ्याक्स नं.०१-४५४५७०२
E-mail: info@gicl.com.np
URL: www.globalimecapital.com

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) “विवरणपत्र” भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

(ख) “धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक” भन्नाले ग्लोबल आइएमई क्यापीटल लिमिटेडलाई सम्झनु पर्दछ ।

(ग) “कम्पनी” भन्नाले निष्काशनकर्ता कम्पनी सिटि होटल लिमिटेडलाई सम्झनु पर्दछ ।

(घ) “कम्पनीका कर्मचारीहरु” भन्नाले सिटि होटल लिमिटेडका पदाधिकारीहरु लगायतका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(ङ) “संकलन केन्द्र” भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

(च) “निष्काशन बैंक” भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकलाई सम्झनु पर्दछ ।

(च) “नियमन निकाय” भन्नाले नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) “संस्थापक” भन्नाले सिसट होटल लिमिटेडका संस्थापक शेयरधनीहरुलाई सम्झनु पर्दछ ।

(ज) “सञ्चालक” भन्नाले सिटि होटल लिमिटेडका सञ्चालकहरुलाई सम्झनु पर्दछ ।

(झ) “कार्यकारी प्रमुख” भन्नाले सिटि होटल लिमिटेडको महाप्रबन्धकलाई सम्झनु पर्दछ ।

(ञ) “व्यवस्थापन” भन्नाले सिटि होटल लिमिटेडको व्यवस्थापनलाई सम्झनु पर्दछ ।

(ट) “बोर्ड” भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ठ) “आधारभूत शेयरधनी” भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशतभन्दा बढी शेयर धारण गरेका शेयरधनीलाई सम्झनु पर्दछ ।

(ड) “खुद सम्पत्ति मूल्य” भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पुनर्मूल्याङ्कनबाट सृजित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पर्छ ।

(ढ) “प्रति शेयर आम्दानी” भन्नाले संगठित संस्थाको आम्दानीलाई उक्त संस्थाको चुक्ता पूँजीले भाग गर्दा आउने भागफललाई सम्झनु पर्छ ।

(ण) “लगानी फिर्ता हुने अवधि” भन्नाले सामान्य रुपमा कति समयभित्र लगानी प्रतिफल प्राप्त हुन्छ, सो अवधिलाई सम्झनु पर्छ ।

(त) “डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि” भन्नाले डिस्काउन्टिङ्ग फ्याक्टर प्रयोग गरेर कति समयभित्र लगानी प्रतिफल प्राप्त हुन्छ, सो अवधिलाई सम्झनु पर्छ ।

(थ) **“संगठित संस्था”** भन्नाले धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने गरी प्रचलित कानुन बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्दछ ।

(द) “धितोपत्र प्रत्याभूतिकर्ता” भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूभि (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी प्रभु क्यापिटल लि. लाई सम्झनुपर्छ ।

(ध) “विप्रेषण (रेमिटचान्स) बचत खाता” भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटचान्स) बचत खाता सम्झनु पर्दछ ।

(न) “आस्वा सदस्य” भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्थालाई सम्झनु पर्दछ ।

(प) “वित्तीय विवरण” भन्नाले संगठित सस्थाको वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउदँछ ।

## ख.२ विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : विवरणपत्र प्राप्त गर्न र हेर्न सक्ने स्थानहरु

| क्र.सं. | कम्पनीको नाम र ठेगाना | वेभसाइट |
|---|---|---|
| १. | श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौं । | www.globalimecapital.com |
| २. | श्री सिटि होटल लिमिटेड, छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौं। | www.cityhotel.com.np |

साथै, निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटः www.globalimecapital.com, निष्काशनकर्ता कम्पनीको वेभसाइटः www.cityhotel.com.np र नेपाल धितोपत्र बोर्डको वेभसाइटः www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**सर्वसाधारणको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु एवं तिनका तोकिएका शाखा कार्यालयहरु मार्फत तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको सफ्टवेयर **“मेरो शेयर”** अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

### ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

### ग.२.संगठित संस्थाको उद्घोषण :

**ग.२.क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**
यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**
यस सिटि होटल लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**
प्रचलित कानुन अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०७८/०७९ सम्मको विवरणहरु पेश गरी उक्त कार्यालयको मिति २०७९/१०/२४ गतेको निर्णयानुसार यस कम्पनी आ.व. २०७८/०७९ सम्मको लागि अद्यावधिक गरिएको छ ।

**ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**
(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(४) धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

## ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

### ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :

**(क) संस्थाको नाम :** सिटि होटल लिमिटेड (City Hotel Limited)

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड कार्यालयको ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. १३, छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौंमा रहेको छ ।

**(घ) कारोबार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. १३, छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौंमा रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) सिटि होटेल लिमिटेड प्रचलित कानुन बमोजिम २०६४ साल मंसिर महिनाको १९ गते साविकमा सिटि रियल होम्स प्रा.लि. को नामबाट दर्ता भएकोमा मिति २०७२ साल श्रावण २० गतेदेखि सिटि रियल होम्स प्रा.लि. बाट सिटि होटल प्रा.लि.मा परिवर्तन भई मिति २०७३ श्रावण १९ गतेदेखि पब्लिक कम्पनीको रुपमा परिणत भई सिटि होटल लिमिटेडको नाममा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको छ ।

(२) कम्पनी मार्फत होटल तथा रेष्टुरेन्ट सञ्चालन गर्ने गरी मिति २०७२ साल चैत्र १६ गते नेपाल सरकार, उद्योग विभागबाट स्वीकृति प्राप्त भएको हो ।

(३) नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७४/१२/१६ गतेको मन्त्रीस्तरीय निर्णय बमोजिम वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धी प्रतिवेदन स्वीकृत गरिएका छ ।

(४) होटल तथा रेष्टुरेन्ट सञ्चालनका लागि आवश्यक पर्ने सम्पूर्ण भौतिक संरचनाहरु निर्माण भई सकेका छन् ।

(५) यस कम्पनीको स्वामित्वमा रहेका ३ वटा भवनमध्ये एकमा होटेलको भवन, दोस्रोमा ब्याङ्क्वेट हल र तेस्रोमा अपार्टमेन्ट व्यवसायको लागि निर्माण गरिएको छ । सो मध्ये अपार्टमेन्ट व्यवसायको लागि निर्माण गरिएको पाँचौदेखि चौधौं तल्लासम्मका दशवटा अपार्टमेन्टहरु बिक्री गरिसकिएको र यस होटलको स्वामित्वमा रहेको तेस्रो बिल्डिङ्गको चौंथो तल्लासम्म कार्यालय सञ्चालन तथा भाडामा दिनको लागि आवश्यक पर्ने सम्पूर्ण भौतिक संरचनाहरु निर्माण भईसकेका छन् ।

(६) मिति २०७८ कार्तिक २९ गतेदेखि व्यवसायिक रुपमा होटल सञ्चालनमा आएको छ ।

(७) नेपाल सरकार, पर्यटन विभागको इजाजत नं. १७/०७८/७९ मार्फत मिति २०७८/०८/१२ देखि मान्य अवधि मिति २०८३/०८/११ सम्मका लागि पाँच तारे स्तरको होटलमा स्तर वर्गिकरण गरी इजाजत पत्र प्राप्त गरेको छ ।

(८) यस होटलमा आन्तरिक तथा बाह्य पर्यटक तथा आगन्तुकहरुको उल्लेख्य मात्रामा भ्रमण हुने गरेको छ ।

(९) दैनिक जस्तो बैंक्वेट भवनहरुमा सेमिनार, कार्यक्रम एवं पार्टीहरु भईरहेका तथा हाल रुम रिजर्भेशन औषतमा कम रहे पनि कोभिड पछिका दिनहरुमा रुम रिजर्भेशन राम्रो रहने शतप्रतिशत अनुमान गरिएको छ ।

| आर्थिक वर्ष | नगद प्रवाह (रु.) | पिभि फ्याक्टर ९.९२ (प्रतिशतमा) | पिभि (रु. हजारमा) |
|---|---|---|---|
| २०७८/७९ | (५,०४८,४६५) | १ | (५,०४८,४६५) |
| २०७९/८० | १६२,८२२ | ०.९१ | १४८,१२८ |
| २०८०/८१ | ३६७,८६२ | ०.८३ | ३०४,४६१ |
| २०८१/८२ | ४७४,११९ | ०.७५ | ३५६,९९१ |
| २०८२/८३ | ५४४,९२९ | ०.६९ | ३७३,२७९ |
| २०८३/८४ | ६३१,४९७ | ०.६२ | ३९३,५३९ |
| २०८४/८५ | ६८५,३६३ | ०.५७ | ३८८,५६२ |
| २०८५/८६ | ७४६,२३४ | ०.५२ | ३८४,८९१ |
| २०८६/८७ | ७०४,४५१ | ०.४७ | ३३०,५५० |
| २०८७/८८ | ७५२,२७२ | ०.४३ | ३२१,१३३ |
| २०८८/८९ | ८०६,९२३ | ०.३९ | ३१३,३७६ |
| २०८९/९० | ८६९,६०६ | ०.३५ | ३०७,२४१ |
| २०९०/९१ | ९३५,९४८ | ०.३२ | ३००,८३७ |
| २०९१/९२ | १,०१४,२८२ | ०.२९ | २९६,५९३ |
| २०९२/९३ | १,०७६,१९४ | ०.२७ | २८६,२९७ |

| | | | |
|---|---|---|---|
| Terminal Value | २१,४८०,१५२ | ०.२५ | ५,८१९,०४२ |
| **खूद वर्तमान मूल्य ( रु. हजारमा)** | | | **५२,७६,४५४** |
| साधारण लगानी फिर्ता अवधि | | | ११ वर्ष |
| डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | | | १५ वर्ष |
| **आन्तरिक प्रतिफल दर (IRR)** | | | **१७%** |

(१०) परियोजनासँग सम्बन्धित विवरण तथा अनुपातहरु :

परियोजनाको साधारण लगानी फिर्ता हुने अवधि : ११ वर्ष १ महिना

परियोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : १५ वर्ष

Net Present Value (NPV), Internal Rate of Return (IRR) र साधारण लगानी फिर्ता हुने अवधि गणना विधि तथा तरिका :

Net Present Value (NPV) (रु. हजारमा) : रु.५२,७६,४५४।–

Internal Rate of Return (IRR) : १७%

NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:**

(क) देशको पर्यटन विकासको पूर्वाधारको रुपमा होटल तथा रिर्सोट व्यवसायलाई मध्यनजर राखी आधुनिक साधनले सु–सज्जित सुविधा सम्पन्न होटल स्थापना गरी विश्वका विभिन्न मुलुकहरुबाट नेपाल भित्रिने तथा घुम्न आउने विदेशी तथा स्वदेशी पर्यटक एवं पाहुनाहरुलाई स्वस्थकर खाना, नास्ता एवं पेय पदार्थ उपलब्ध गराउनुका साथै बसोबासका निमित्त स्तरीय आरामदायी, वातावरण अनुकूलयुक्त एवं सुविधा सम्पन्न आधुनिक पर्यटन स्तरको होटल सञ्चालन गरी विदेशी पर्यटकहरुको नेपाल बसाँई अवधिलाई वृद्धि गरी विदेशी मुद्रा आर्जन गर्नुका साथै देशको पर्यटन उद्योगको विकासमा महत्वपूर्ण टेवा पुर्‍याउने प्रयास गर्ने गराउने ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका स्वदेशी तथा विदेशी स्तरीय खानपीन, स्वच्छ पानी, स्तरयुक्त बस्ने व्यवस्था गर्नुका साथै पाहुनाहरुलाई हर सम्भव उपायबाट प्रचलित ऐन कानुनको अधीनमा रही उपलब्ध गराउन सकिनेसम्मको सुविधा उपलब्ध गराई पाहुनाहरुलाई सेवा प्रदान गर्ने ।

(ग) होटलमा प्रचलित कानुनको अधिनमा रही स्वदेशी तथा विदेशी ग्राहकहरुलाई निजहरुको इच्छा चाहना अनुसार नेपाली कला, संस्कृति र परम्परामा प्रतिकुल प्रभाव नपर्ने गरी गीत संगीत, नाचगान, गजलका अतिरिक्त पाश्चात्य गीत संगीत तथा नृत्य प्रदर्शन गरी, गराई स्वस्थ मनोरञ्जन प्रदान गर्ने सम्बन्धी कार्य गर्ने गराउने । साथै सरसजावट गरी पर्यटकलाई आकर्षित गर्ने र पर्यटकहरुको माग अनुसार यातायत सुविधा, टेलिफोन टेलेक्स, फ्याक्स, बसको टिकट, रेलको टिकट तथा हवाई टिकट आदि उपलब्ध गराई बिक्री बितरण सम्बन्धी कार्य गर्ने गराउने ।

(घ) सुविधायुक्त रेष्टुरेन्टको स्थापना गरी स्वदेशी तथा विदेशी ग्राहकहरुलाई निजहरुको इच्छा बमोजिम (यस कम्पनी रहेको स्थानमा) स्वदेशी तथा विदेशी तयारी तथा अर्डर बमोजिम स्वस्थ, ताजा खाना, नास्ता तथा पेय पदार्थहरु उपलब्ध गराई बिक्री वितरण सम्बन्धी कार्य गर्ने गराउने ।

(ङ) प्रचलित कानून बमोजिम स्वीकृत लिई स्वदेशी तथा विदेशी ग्राहकहरुलाई निजहरुको इच्छा, चाहना अनुसार स्वदेशी तथा विदेशी मदिराहरुको व्यवस्था गरी बिक्री वितरण सम्बन्धी कार्य गर्ने गराउने ।

(च) अनुमति लिनु पर्नेमा अनुमति लिई दक्ष तथा अनुभवी योगा प्रशिक्षक तथा प्राकृतिक उपचारकबाट ट्रेकिङ्ग तथा ट्राभलिङ्ग गरी शारीरिक तथा मानसिक रुपमा थकित भई फर्किएका पर्यटकहरुलाई (MEDITATION) ध्यान, साधना, जिम, क्लब, योगा तथा थकानबाट मुक्ति दिलाउन प्राकृतिक तवरबाट उपचार गर्ने गराउने सम्बन्धी कार्य गरी ग्राहकहरुलाई सेवा प्रदान गर्ने गराउने ।

(छ) होटलमा नेपालको भौगोलिक, ऐतिहासिक, सामाजिक अवस्था, भेषभुषा र कला संस्कृति झल्काउने र विश्वसँग परिचित गराउनको लागि हरेक प्रकारका हस्तकलाका सामान, फोटो प्रदर्शनी आयोजना गरी विदेशीमुद्रा आर्जनबाट देशको अर्थतन्त्र मजबुत पार्न सहयोग गर्ने गराउने ।

(ज) पर्यटकहरुलाई नेपाल प्रति आकर्षण गराउन समय समयमा फुड फेस्टीभल जस्ता कार्यक्रमहरुको आयोजना गर्ने गराउने ।

(झ) विभिन्न खालका सर सजावटका सामानहरु रिसोर्टभित्र उपलब्ध गराई विदेशी तथा स्वदेशी ग्राहकहरुलाई बिक्री वितरण गर्ने गराउने ।

(ञ) होटलमा स्वदेशी तथा विदेशी पाहुनाहरुका लागि प्रचलित कानुनले बन्देज नलगाएका आवश्यक मनोरञ्जनात्मक खेलहरु खेलाउने । साथै स्वीमिङ्ग पुल निर्माण गरी आवश्यक मनोरञ्जन प्रदान गर्ने ।

(ट) कम्पनीले In Door एवं Out Door क्याटरिङ्ग सञ्चालन गर्ने/गराउने ।

(ठ) कम्पनीले बढ्दो बेरोजगारीलाई मध्यनजर राख्दै बेरोजगार युवा युवतीहरुलाई हस्पिटालिटी ट्रेनिङ्ग सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्ने/गराउने ।

(ड) यस कम्पनीले आफ्नो व्यवसाय विस्तार एवं प्रवर्द्धन गर्ने सेमिनार, गोष्ठी, सभा सम्मेलन जस्ता कार्यक्रम सञ्चालन गर्ने एवं सञ्चालनको जिम्मा लिने ।

**होटलको २०७९ पौष मसान्तसम्मको प्रगति विवरण**

| क्र.सं. | विवरण/कार्य | हालको अवस्था |
|---|---|---|
| १. | होटल | मिति २०७८ कार्तिक २९ देखि आंशिक रुपमा शुरु भई २०७९ आषाढ मसान्तदेखि पूर्ण रुपमा सञ्चालनमा आएको । |
| २. | रेष्टुरेन्ट | मिति २०७८ कार्तिक २९ देखि आंशिक रुपमा शुरु भई २०७९ आषाढ मसान्तदेखि पूर्ण रुपमा सञ्चालनमा आएको । |
| ३. | ब्याङ्क्वेट तथा सभा हल | मिति २०७८ कार्तिक २९ देखि आंशिक रुपमा शुरु भई २०७९ आषाढ मसान्तदेखि पूर्ण रुपमा सञ्चालनमा आएको । |
| ४. | स्पा तथा सैलुन | निमार्ण कार्य सम्पन्न भई मिति २०७९ मंसिर ०४ गतेदेखि पूर्ण रुपमा सञ्चालनमा आएको । |
| ५. | ब्याङ्क्वेट हलको क्षमता वृद्धि | जग्गा खरिद गरी कम्पनीको स्वामित्वमा आइसकेको र ब्याङ्क्वेट हल निर्माणको डिजाइन मिति मंसिर १५ गतेसम्ममा तयार हुने तत्पश्चात मिति २०७९ पौष १५ गतेबाट निर्माण सम्बन्धी कार्य अगाडि बढाई २०८० आश्विन मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको । सो ब्याङ्क्वेट हलको क्षमता २०० जनासम्म अटाउने रहेको छ । |
| ६. | क्यासिनो सञ्चालन | क्यासिनो सञ्चालन गर्नको निमित्त विदेशी कम्पनी श्री ज्याङ्क इन्टरटेन्मेन्ट होल्डिङ्गस प्रा. लि. सँग यस होटलको बेसमेन्ट नं. २ भाडामा दिने गरी सम्झौता भइसकेको र सो को अन्य आवश्यक सर्म्पूण कार्य उक्त कम्पनी आफैले व्यवस्थापन गर्ने सम्झौतामा उल्लेख भएको । |

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(छ) अन्य विवरणहरु :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** यस कम्पनीले प्रदान गर्ने मुख्य सेवाहरुमा आतिथ्य एवं पर्यटनसँग सम्बद्ध पाँच तारे होटल तथा रेष्टुरेन्ट/बारको सेवा, विभिन्न प्रकारका सेमिनार, गोष्ठी, सम्मेलनका लागि गर्ने हल तथा ब्याङ्क्वेट हल उपलब्ध गराउने र होटल व्यवसायसँग सम्बन्धित पर्यटकीय तथा मनोरञ्जनात्मक क्रियाकलापहरु रहेका छन् ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :** यस कम्पनीले पर्यटन उद्योगको व्यवसायको निम्ति प्रयोग हुने अत्याधुनिक उपकरण मेशिनरी तथा प्रविधिहरु जडान गरी सञ्चालनमा ल्याएको छ । प्रयोग भएका मुख्य उपकरण, मेशिनरी तथा प्रविधिहरु तपसील बमोजिम रहेका छन्:

**तपसील :**

१. विदेशी पर्यटकहरुलाई लक्षित गरि विभिन्न प्लेटफर्म जस्तै www.booking.com, www.expedia.com, www.hyatt.com, www.hyattplacekathmandu.com मार्फत होटल बुकिङ्ग गर्न सक्ने गरी होटल व्यवसाय सञ्चालन गर्दै आएको छ ।

२. यस होटलमा सोफा कम बेड रहेको र जसलाई आवश्यकता अनुसार सोफा वा बेड वा दुवैको रुपमा प्रयोग गर्न मिल्ने सुविधा रहेको छ ।

३. होटलमा बस्ने पाहुनाहरुको मनोरञ्जनको निम्ति आधुनिक प्रविधिको रिभल्भिङ्ग टिभिको सुविधा पनि रहेको छ । साथै पाहुनाले रुम तथा खानाको बिल र अन्य हिसाब सम्बन्धी जानकारी पाहुना बस्ने रुमको टिभिबाट नै हेर्न मिल्ने सुविधा रहेको र सो को लागि Sonify International Inc., USA को अत्याधुनिक Staycast उपकरण जडान गरिएको छ ।

४. होटलको पाहुनालाई मध्यनजर गरी निम्न आधुनिक उपकरणहरु जडान गरिएको छ:

| विवरण | कैफियत |
|---|---|
| CCTV and Access Control System | होटलको सुरक्षालाई मध्यनजर गरी होटलको चारै दिशामा जडान गरिएको छ । |
| Chiller | वातावरणको ताप अनुसार तापक्रम Maintain हुने गरी ४०० टन क्षमताको Carrier Company, UK को Chiller मेसिन जडान गरिएको छ । |
| Generator | Cummins Brand को ३ वटा जम्मा १,८७५ KVA क्षमता भएको Silent DG Set जडान गरिएको छ । यस प्रविधिको मद्दतले विजुली कटौती भएको ७ सेकेण्डभित्र Generator स्वतः चालु हुन्छ । |
| Elevator | पाहुनाहरुको सहजता तथा सुरक्षालाई मध्यनजर गरी Access Control सहितको लिफ्ट जडान गरिएको छ । |

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, ईजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** यस कम्पनीको नाममा हाल कुनै ट्रेडमार्क दर्ता छैन ।

**हायात प्लेस (Hyatt Place) सम्बन्धमा :**

यस कम्पनीले अन्तराष्ट्रिय कम्पनी Hyatt International–South West Asia Ltd. सँग प्रविधि हस्तान्तरण सम्झौता गरेको र हायात प्लेस (Hyatt Place) नामक टेड्रमार्क प्रयोग गर्ने गरी उद्योग विभागबाट स्वीकृति प्राप्त गरेको छ । अमेरिकाको शिकागो शहरमा मुख्य कार्यालय रहेको विश्वस्तरीय चेन होटल कम्पनी हायात होटल कर्पोरेशन अन्तर्गत संसार भरी ६९ वटा देशमा १,००० भन्दा बढी होटल तथा रिसोर्टहरु सञ्चालनमा रहेका छन् । हायात ब्राण्डको हाल २० वटा ब्राण्डहरुमध्ये हायात प्लेसको गुणस्तर Select Service/Upscale अन्तर्गत वर्गीकरण गरी मुख्यतयाः बिजनेस क्लासका आगन्तुकहरुको चाहना अनुसार सेवा सुविधाहरु उपलब्ध गराइएको र अन्य आनन्ददायी यात्रा तथा पारिवारिक भ्रमणका लागि आएका ग्राहकहरुका निमित्त पनि गुणस्तरयुक्त उचित सेवा सुविधाहरु उपलब्ध गराउने गरिएको छ ।

यस कम्पनीले हालसालै होटल निर्माणको सम्पूर्ण कार्यहरु सम्पन्न गरी नेपाल सरकार, पर्यटन विभागबाट पर्यटन ऐन, २०३५ तथा होटल, लज, रेष्टुराँ, तथा रिजर्ट, बार तथा पथ प्रदर्शक नियमावली, २०३८ मा व्यवस्था भए अनुसार मिति २०७८/०८/१२ मा ५ (पाँच) तारा स्तरको होटलमा स्तर वर्गीकरण गरी होटल सञ्चालनको इजाजतपत्र प्राप्त गरेको छ । ५ (पाँच) तारा स्तरमा वर्गीकृत यस हायात प्लेसमा १५३ वटा वातानुकुलित कोठाहरु सहित सञ्चालनमा आएको छ । यस होटलमा रहेका दुई ठूला वातानुकुलित बैंङ्क्वेट हलहरुमा एक पटकमा क्रमशः ३५० र १०० जना ग्राहक अटाउन सक्ने क्षमता रहेको छ । स्वीमिङ पुलमा रहेको स्काइ बार सहित मेन बार र अलफ्रेस्को बार गरी ३ वटा बारहरुमा वेभरेज सेवा तथा गुणस्तरीय आरामदायी बसाइको व्यवस्था उपलब्ध रहेको छ । मौलिक नेपाली तथा विश्वस्तरीय परिकारहरुका लागि चारवटा भान्सा कोठाहरु रहेका छन् भने फिट्नेस सेन्टरमा उच्चस्तरीय इक्विपमेण्टहरु जडान गरिएको छ ।

विश्वस्तरीय अत्याधुनिक इन्फर्मेशन टेक्नोलोजी सहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि ८.८ किलोमिटरको दुरीमा यस होटेल रहेको छ । काठमाण्डौंको प्रमुख पर्यटकीय स्थलहरु जस्तैः काठमाण्डौं दरवार स्क्वायर, स्वयम्भुनाथ स्तुपा, ठमेल, पाटन दरवार स्क्वायर, पशुपतिनाथ मन्दिर, बौद्ध स्तुपा, चन्द्रागिरी हिल्स तथा भक्तपुर दरवार स्क्वायरको नजिकमा रहेको यस होटलका कोठा, लबी तथा रेस्टुरेन्ट परिसरको साजसजावट नेपाली मौलिकता झल्किने गरी रहेका छन् ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** यस कम्पनीले होटल व्यवसाय सञ्चालनमा ल्याई आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आर्कषित गरी काठमाण्डौं तथा समग्र नेपाललाई एक उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलको रुपमा विश्व सामु परिचित गराउन महत्वपूर्ण भुमिका निभाएको छ । नेपाली अर्थतन्त्रको वृद्धिमा टेवा पुऱ्याउने प्रमुख क्षेत्रहरु मध्ये सेवा क्षेत्र अन्तर्गतको पर्यटन तथा होटल व्यवसाय पनि एक हो । यस कम्पनीले सञ्चालनमा ल्याएको पाँच तारे होटल परियोजना मार्फत विभिन्न पर्यटकहरुलाई आनन्ददायी बसोबासको सेवा प्रदान गर्दै आएको छ । यसका अतिरिक्त यस कम्पनीले गर्मी याममा होटलमा बसोबास गर्ने पर्यटकहरुलाई स्वीमिङ पुलको सेवा प्रदान गर्नुको साथै विभिन्न रेस्टुरेन्ट/बार बाट सेवा प्रदान गर्ने र होटल/रिसोर्ट परियोजना अन्तर्गत हाल १५३ कोठा र ३०६ बेडरुम भएको पाँच तारे होटल तयार गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई विभिन्न सुविधा प्रदान गर्दै आएको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** यस कम्पनीले भर्खरै मात्र पाँच तारे होटल सञ्चालनमा ल्याएकोले निकट भविष्यमा कुनै पनि नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना रहेको छैन ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** यस कम्पनीको प्रमुख बजार भनेको नेपाल भ्रमण गर्न आउने विदेशी पर्यटक, विदेशमा रहेका नेपालीहरु र नेपालका आन्तरिक पर्यटकहरु रहेका छन् । यस कम्पनीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुलाई आकर्षित गरी राजधानीका विभिन्न पर्यटकिय स्थानहरुमा सजिलै पुग्न सक्ने गरी बस्न मिल्ने होटल सञ्चालनमा ल्याएको छ । साथै आन्तरिक पर्यटकहरुलाई व्यस्त जीवनशैलीबाट केही दिनको छुट्कारा दिई काठमाण्डौंमा नै केही दिनको आनन्ददायी छुट्टी बिताउने स्थलको रुपमा समेत प्रचार प्रसार गरिनेछ । यस कम्पनीको हायात ब्राण्डका हाल १२ वटा ब्राण्डहरु मध्ये हायात प्लेसको गुणस्तर सेलेक्ट सर्भिस अन्तर्गत अपस्केल वर्गीकरणमा रहि मुख्यतया बिजनेस क्लासका आगन्तुकहरुको चाहना अनुसार सेवा सुविधाहरु उपलब्ध गराइएको र आनन्ददायी यात्रा तथा पारिवारिक भ्रमणका लागि आउने ग्राहकहरुको लागि  गुणस्तरीय सेवा सुविधाहरु उपलब्ध रहेका छन् । कम्पनीको होटल सेवातर्फ हाल कोभिड–१९ का कारण बजार सुस्ताएको हुँदा औषतमा दैनिक १५ प्रतिशत देखि २० प्रतिशत कोठाहरु Occupy भइरहेको छ । साथै कम्पनीको रेष्टुरेन्ट तथा बारमा समेत दैनिक ८०–१०० संख्याको हाराहारीमा ग्राहकहरु आईरहेकोले औषकतमा मासिक ५–१० वटा सेमीनार हलहरु समेत बुकिङ भई विभिन्न प्रकारका सम्मेलन, गोष्ठी, सभा तथा छलफल कार्यक्रमहरु सञ्चालन गर्न कम्पनी सफल भएको छ । सेवा वितरण गर्ने क्रममा यस कम्पनीको होटल सेवाको लागि विभिन्न होटल बुकिङ्गसँग सम्बन्धित App हरुका साथै अनलाईन माध्यमबाट कोठा बुकिङ्ग गर्न सकिने व्यवस्था गरिएको छ । कोठा र सेमीनार हलको बुकिङ्ग र रेष्टुरेन्ट सेवाको लागि टेलिफोन, इमेल, अनलाईनबाट समेत बुकिङ्ग तथा बिक्री गर्ने व्यवस्था गरिएको छ ।

(७) **उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति :**
कोभिड–१९ को महामारी कम भए पश्चात् काठमाण्डौंमा आउने विदेशी पर्यटकहरुको संख्या दिनानुदिन वृद्धि भईरहेको र २०७८ कार्तिक २९ देखि होटल सञ्चालनमा आएको यस होटलले बजारमा राम्रो हिस्सा ओगट्ने र ग्राहकहरुलाई राम्रो सुविधा दिन सफल हुने विश्वास गरिएको छ । हाल यस कम्पनीले पाँच तारे होटलमा १५३ कोठा (३०६ बेडरुम), २ ब्याङ्क्वेट हल, सेमीनार हल (४ वटामा विभाजन गर्न मिल्ने), ५० वटा टेबुल राख्न मिल्ने (२०० सिट संख्याको) रेष्टुरेन्ट रहेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**
यस कम्पनीले रेष्टुरेन्ट सेवा प्रदान गर्न विभिन्न खाद्य वस्तुहरु उपभोग गर्दै आईरहेको छ । स्वदेशी, विदेशी तथा स्थानीय रुपमा उपलब्ध हुने खाद्य सामाग्रीहरु थोक बिक्रेताको माध्यमबाट आपूर्ति गरी प्रयोग गर्ने गरिएको छ र यसको उपलब्धताका लागि बोलपत्र आव्हान गरी सम्झौता गर्ने गरिएको छ ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**
कम्पनी सेवाग्राहीहरुको लागि गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टि प्रदान गर्न सँधै तत्पर रही आएको छ । कम्पनीले प्रदान गर्ने सेवाको गुणस्तरियतालाई उच्च राख्न Hyatt Standard Opearting Policy (SOP) बमोजिम व्यवस्थापनले कार्य गरिरहेको छ ।

(१०) अनुसन्धान तथा विकास :
कम्पनीले आगामी दिनका चुनौतीहरु एवं बजार प्रतिस्पर्धालाई आत्मसात गर्दै हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जन गर्ने तथा नयाँ सेवाहरुको उपयुक्तताको सम्बन्धमा सुझाव गुनासो संकलन गर्दै आइरहेको छ र प्राप्त भएका उचित सुझाव तगा गुनासाहरुलाई सम्बोधन गरी सेवा सुविधामा सुधार गरिनेछ ।

(११) विगत **१२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :**
मिति २०७६ चैत ११ गतेदेखि कोरोना भाइरस (कोभिड १९) को महामारी र संक्रमणबाट बच्न नेपाल सरकारले देशव्यापी रुपमा बन्दाबन्दी घोषणा गरेको कारणले होटल निर्माण कार्य अवरुद्ध भएको थियो । साथै सोही बन्दाबन्दीले गर्दा विभिन्न करार सम्झौता अन्तर्गतका कामहरु पूरा नगरी कामदारहरु घर गएको एवं विभिन्न समाग्रीहरु  नष्ट तथा काम नलाग्ने भएको कारण निर्माण लागत अपेक्षित रुपमा बढ्न गएको छ । निर्माण अवधि बढेकाले यस कम्पनीको होटल सञ्चालनमा आउन समेत ढिलाई भएको थियो ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
नेपालमा हालसम्म यस हायात प्लेस सहित अन्य होटलहरु पनि सञ्चालनमा रहेका र ती मध्ये देहायमा उल्लेखित पाँच तारे होटल र यस होटलको तुलनात्मक स्थिति निम्नानुसार रहेको छ :

| क्र. सं. | कम्पनीको नाम | होटलको ब्राण्ड | स्तर वर्गीकरण | रुम संख्या | रेष्टुरेन्ट/ बार/ ब्याङ्क्वेट/ हल | होटल परिसरमा क्यासिनो सञ्चालनमा रहे/नरहेको |
|---|---|---|---|---|---|---|
| **(क)** | **सिटि होटल लि.** | हायात प्लेस | पाँच तारे | १५३ | रहेको | योजनामा रहेको |
| **(ख) काठमाण्डौं उपत्यकाभित्र रहेका अन्य प्रतिस्पर्धी होटलहरुको विवरण :** | | | | | | |
| १. | सोल्टी होटल लि. | - | पाँच तारे | २८५ | रहेको | रहेको |
| २. | तारा गाउँ रिजेन्सी होटल लि. | हायात रिजेन्सी | पाँच तारे | २८० | रहेको | रहेको |
| ३. | ओरेन्टल होटल लि. | र्‍याडिसन | पाँच तारे | २६० | रहेको | रहेको |
| ४. | होटल याक एण्ड यती | - | पाँच तारे | २४६ | रहेको | रहेको |
| ५. | एभरेष्ट हस्पिटालिटि एण्ड होटल प्रा.लि. | मेरियट | पाँच तारे | २१४ | रहेको | रहेको |
| ६. | द मल्ल होटल | - | पाँच तारे | ९८ | रहेको | रहेको |
| ७. | साङ्ग्रिला होटल एण्ड रिसोर्ट | - | पाँच तारे | १०० | रहेको | रहेको |
| ८. | द एभरेष्ट होटल काठमाण्डौं | - | पाँच तारे | १६० | रहेको | रहेको |

तसर्थ, माथि उल्लेख भए बमोजिमका पाँच तारे होटलहरु यस कम्पनीका मुख्य प्रतिस्पर्धीहरु हुन् । हायात प्लेस सञ्चालनमा आएसँगै सञ्चालनमा रहेका अन्य होटलहरुको विभिन्न पक्षहरुलाई विश्लेषण गर्दा तुलनात्मक रुपमा यस होटलको सञ्चालन अवस्था राम्रो रहेको छ । यस कम्पनीले प्रदान गरिरहेको सेवा तथा सुविधाले पर्यटकहरुको संख्या वार्षिक रुपमा वृद्धि हुँदै जाने देखिन्छ ।

**(१४)** प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने ततसम्बन्धी विवरण : सो नभएको ।

**(१५)** प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) : सो नभएको ।

(१६) सगठित संस्थाले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजत, स्वीकृति/अनुमति/इजाजतको संक्षिप्त विषय वस्तु, इजाजत प्राप्त मिति तथा सो वहाल रहने अवधि खुल्ने गरी तालिकामा प्रस्तुत गर्नुपर्ने :
कम्पनीले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजत, स्वीकृति/अनुमति/इजाजतको संक्षिप्त विषय वस्तु, इजाजत प्राप्त मिति तथा सो वहाल रहने अवधि देहाय बमोजिम रहेको छ :

| क्र. सं. | स्वीकृति/अनुमति/ इजाजत दिने/प्रदान गर्ने निकाय/ संस्था | स्वीकृति/अनुमति/ इजाजतको संक्षिप्त विषय वस्तु | इजाजत प्राप्त मिति (वि.सं.) | स्वीकृति/अनुमति/ इजाजत वहाल रहने अवधि |
|---|---|---|---|---|
| १ | कम्पनी रजिष्ट्रारको कार्यालय | सिटि होटल लिमिटेड | २०७३।०४।१९ | – |
| २. | आन्तरिक राजश्व कार्यालय,कालिमाटि, | मु.अ. कर | २०७३।०२।१० | हरेक आ.व आषाढ |
| ४. | उद्योग विभाग | उद्योग दर्ता | २०७३।०७।०३ | |
| ५ | काठमाडौं महानगरपालिका | व्यवसाय दर्ता | २०७६।१२।०६ | २०७९/०८० आषाढसम्म । |
| ६ | नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | स्तरिकरण प्रमाण पत्र | २०७९।०२।१२ | २०८०।०२।११ |
| ७. | पर्यटन विभाग | होटल सञ्चालन | २०७८।०८।१२ | २०८३।०८।११ |
| ८. | काठमाण्डौ महानगरपालिका वडा नं १३ कालिमाटी | घर जग्गा कर चुक्ता | २०७९।०६।२५ | २०७९/०८० आषाढसम्म । |
| ९ | काठमाण्डौ,महानगरपालिको कार्यालय,का.म.न.पा.(वारुण यन्त्र) कार्यालय । | अग्नि सुरक्षा | २०७८।०८।२० | २०८० आषाढसम्म |

(१७) संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा हालसम्म भएको संशोधन, सम्बन्धित दफा/नियम संशोधनको विषय, संशोधन स्वीकृत भएको सञ्चालक समितिको निर्णय नं. र मिति, संशोधन स्वीकृत गर्ने साधारण सभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति खुल्ने गरी तालिकामा प्रस्तुत गर्नुपर्ने:
कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा हालसम्म भएको संशोधन, सम्बन्धित दफा/नियम संशोधनको विषय, संशोधन स्वीकृत भएको सञ्चालक समितिको निर्णय नं. र मिति, संशोधन स्वीकृत गर्ने साधारण सभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको विवरण देहाय बमोजिम रहेको छ :

(क) प्रवन्धपत्रतर्फ :

| क्र. सं. | संशोधन भएको सम्बन्धित दफा | संशोधनको विषय | सञ्चालक समितिको निर्णय नं./ मिति (वि.सं.) | संशोधन स्वीकृत गर्ने साधारण सभा/ विशेष साधारण सभाको मिति (वि.सं.) | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति (वि.सं.) |
|---|---|---|---|---|---|
| १ | दफा २ | कम्पनी रजिष्टर्ड कार्यालय रहने ठेगानाः यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.प.न.पा वडा नं १३ मा रहनेछ । सम्बन्धीत नियकायको स्वीकृत लिई आवश्यक अनुसार कम्पनी शाखा खोल्न तथा कम्पनीको रजिष्टर्ड कार्यालयलाई स्थानान्तरण गर्न सकिनेछ। | २०७३/०४/१८ | विशेष साधारण सभा २०७३/०५/०३ | २०७३/०५/२६ |
| २ | दफा ६ (क) | कम्पनीको अधिकृत पूँजी : अधिकृत पूँजि रु.२,००,००,००,०००/– (दुई अर्ब) हुनेछ उक्त पूँजिलाई रु १०० दरका २,००,००,००० (दुई करोड) थान शेयरमा विभाजन गरिएको छ | २०७८/०८/०१ विशेष प्रस्ताव | विशेष साधारण सभा २०७८/०८/२३ | २०७८/०९/०९ |
| ३. | दफा ६ (ख) | कम्पनीको जारी पूँजी : कम्पनीको जारी पूँजी रु.१,६७,४०,००,०००/– एक अर्ब सत्सट्ठ करोड चालिस लाख) हुनेछ। उक्त जारी पूँजीलाई रु.१००/– दरका १,६७,४०,००० (एक करोड सत्सट्ठी लाख चालिस हजार) थान शेयरमा विभाजन गरिएको छ । | २०७८/०८/०१ विशेष प्रस्ताव | विशेष साधारण सभा २०७८/०८/२३ | २०७८/०९/०९ |
| ४ | दफा ६ (घ) थप गरिएको | कम्पनीको जाँरी पूँजीको १० प्रतिशत शेयर सर्वसाधारण लाई बिक्रिको लागि छुट्याईएको छ । | २०७८/०८/०१ विशेष प्रस्ताव | विशेष साधारण सभा २०७८/०८/२३ | २०७८/०९/०९ |
| ५ | दफा ६ (ङ) | संस्थापक शेयरधनीशरुको शेयर स्वामित्व ९० प्रतिशत हुनेछ । | २०७८/०८/०१ विशेष प्रस्ताव | विशेष साधारण सभा २०७८/०८/२३ | २०७८/०९/०९ |
| ६ | दफा ६ (च) | सर्वसाधारण लाई बिक्रि गरिने शेयर सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व १० प्रतिशत हुनेछ । | २०७८/०८/०१ विशेष प्रस्ताव | विशेष साधारण सभा २०७८/०८/२३ | २०७८/०९/०९ |
| ७ | दफा ६ (छ) | कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्ने सक्नेछ | २०७८/०८/०१ विशेष प्रस्ताव | विशेष साधारण सभा २०७८/०८/२३ | २०७८/०९/०९ |

(ख) नियमावलीतर्फ :

| क्र. सं. | संशोधन भएको सम्बन्धित नियम | संशोधनको विषय | सञ्चालक समितिको निर्णय नं./मिति(वि.सं.) | संशोधन स्वीकृत गर्ने साधारण सभा/विशेष साधारण सभाको मिति (वि.सं.) | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति (वि.सं.) |
|---|---|---|---|---|---|
| १ | नियम २ | यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं १३ मा रहनेछ । सम्बन्धित निकायको स्वीकृती लिई आवश्यकता अनुसार कम्पनीका शाखा कार्यालयहरु खोल्न तथा कम्पनीको रजिष्टर्ड कार्यालयलाई स्थानान्तरण गर्न सकिनेछ । | २०७३/०४/१८ | २०७३/०५/०३ | २०७३/०५/२६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | नियम २७(२) | सञ्चालक समितिको संख्याः<br>यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ, जस मध्ये संस्थापक समूहबाट ५ जना, सर्वसाधारण शेयरधनीको समूहबाट १ जना र स्वतन्त्र विशेषज्ञ सञ्चालक १ जना रहेछ । | २०७८/०८/०१<br>विशेष प्रस्ताव | २०७८/०८/२३ | २०७८/०९/०९ |
| ३. | नियम २७(३) | सञ्चालकहरुको कार्यकालः सञ्चालकहरुको कार्यकाल बढिमा ४ (चार) वर्षको हुनेछ । | २०७८/०८/०१<br>विशेष प्रस्ताव | २०७८/०८/२३ | २०७८/०९/०९ |
| ४. | नियम २९ | शेयरधनी बाहेकका अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्ति गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता, तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्थाः<br>(१) कम्पनी ऐनले व्यवस्था गरे बमोजिम कम्पनीले एक जना स्वतन्त्र विशेषज्ञ सञ्चालक नियुक्त गर्नेछ ।<br>(२) निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा ४ (चार) वर्षको हुनेछ, र निजको पुनः नियुक्त हुन सक्नेछ ।<br>(३) स्वतन्त्र विशेषज्ञ सञ्चालकको काम कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ । | २०७८/०८/०१ | २०७८/०८/२३ | २०७८/०९/०९ |

**ग.३.ख.सम्पत्तिको विवरण**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः** हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चल अचल सम्पत्तिको अवस्था तल उल्लेख भए बमोजिम रहेको छ :

| विवरण | परिवहन | भवन | फर्निचर तथा फिक्स्चर्स | कम्प्यूटर प्रिन्टर | कार्यालय सामाग्री | अन्य | आषाढ मसान्त २०७८/७९ | आ.व. २०७७/७८ |
|---|---|---|---|---|---|---|---|---|
| १. परल मोल | | | | | | | | |
| (क) गत वर्षको मौज्दात | ६,२९३ | | ३,६३७ | ४,१०४ | ५,५८८ | - | १९,६२१ | १६,४३३ |
| (ख) यस वर्षको थप | २१,२५६ | २,७७७,९८८ | २२१,५४१ | ४९,८३८ | ७८६,३६२ | ५३,३५१ | ३,९१०,३३६ | ३,२६६ |
| (ग) यस वर्ष पूनर्मूल्याङ्कन/पुनर्लेखन | - | | - | - | - | - | - | - |
| (घ) यस वर्षको बिक्री | - | | - | - | - | - | - | - |
| (ङ) यस वर्षको अपलेखन | - | | - | - | - | - | - | - |
| **कूल** | **२७,५४९** | **२,७७७,९८८** | **२२५,१७८** | **५३,९४२** | **७९१,९५०** | **५३,३५१** | **३,९२९,९५८** | **१९,६९९** |
| २. ह्रास कट्टी | | | | | | | | |
| (क) गत वर्षसम्मको | २,७३२ | | २,४६३ | १,९११ | ३,२२१ | - | **१०,३२७** | ८,४८३ |
| (ख) यस वर्षको | ९८७ | ११,६७५ | ३,४३१ | १,८३९ | ७,२५५ | १,४३९ | **२६,६२७** | १,९२० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (ग) ह्रास कट्टी पुनर्मूल्याङ्कन/पुर्नलेखन | | | – | – | – | – | – | – |
| (घ) ह्रास कट्टी रकम समायोजन/फिर्ता | – | | – | – | – | – | – | – |
| (ङ) कुल ह्रास कट्टी | **३,७१९** | **११,६७५** | **५,८९४** | **३,७५१** | **१०,४७६** | **१,४३९** | **३६,९५४** | **१०,४०३** |
| ३. बुकभ्यालु (WDV) (१–२) | २३,८३० | २,७६६,३१३ | २१९,२८४ | ५०,१९१ | ७८१,४७४ | ५१,९१२ | ३,८९३,००४ | ९,२९५ |
| ४. जग्गा | – | – | – | – | – | – | ७८३,११२ | ६०२,५४२ |
| ५. पूँजीगत निर्माण (पूँजीकरण गरिनुपर्ने) | – | – | – | – | – | – | ६,०९६ | ३,३६५,९२६ |
| **जम्मा** | २३,८३० | २,७६६,३१३ | २१९,२८४ | ५०,१९१ | ७८१,४७४ | ५१,९१२ | ४,६८२,२११ | ३,९७७,७६२ |

उपरोक्त सम्पत्ति यस कम्पनीको रजिष्टर्ड कार्यालय एवं कारोबार गर्ने मुख्य स्थानमा अवस्थित रहेका छन् ।

(ख) **बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :** होटल निर्माण तथा सञ्चालनका लागि खरिद गरिएको कम्पनीको जग्गाहरुको विवरण :–

| सि.नं. | विवरण | कित्ता नं. | क्षेत्रफल (वर्ग मिटर) | जग्गाधनी |
|---|---|---|---|---|
| १ | जग्गा | १५० | १,१८०.४३ | सिटि होटल लिमिटेड |
| २ | जग्गा | १४८ | १,७५.२५ | |
| ३ | जग्गा | १४६ | १,९५१.२५ | |
| ४ | जग्गा | १४७ | ६००.३१ | |
| ५ | जग्गा | ११३ | ७६३.१० | |
| ६* | जग्गा | १३ | २०६.६८ | |
| ७ | जग्गा | १३६ | ३३३.८६ | |
| ८ | जग्गा | ११५ | २६८.३२ | |

*माथि उल्लेखित सि.नं. ६ को कित्ता नं. १३ आ.व. २०७९/८० मा बिक्री भएको ।

होटल सञ्चालनका लागि लिजमा लिइएको संगठित जग्गाहरुको विवरण:

| सि.नं. | विवरण | कित्ता नं. | क्षेत्रफल (वर्ग मिटर) | जग्गाधनी |
|---|---|---|---|---|
| १ | पार्किङ्ग प्रयोजन | १५१ | १,८४७.५४ | ईमेज हाउजिङ्ग डेभलपर प्रा.लि. |

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :

माथि उल्लिखित तालिका बमोजिम कित्ता नं. १५०, १४८, १४६, १४७, ११५ र ११३ को जग्गा सहवित्तीयकरण कर्जा (Consortium Loan) को लागि ग्लोबल आइएमई बैंक लि., नेपाल बैंक लि., नेपाल एसबिआई बैंक लि., सानिमा बैंक लि., सिद्धार्थ बैंक लि., राष्ट्रिय वाणिज्य बैंक लि. तथा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.को नाममा दृष्टिबन्धक गरी मालपोत कार्यालय कलंकीमा रोक्का राखिएको छ ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :**

आर्थिक वर्ष २०७७/०७८ देखि सिटि होटल लिमिटेडको वित्तीय विवरणहरुको प्रस्तुतिकरणमा पुर्ण रुपले Nepal Financial Reporting Standard (NFRS) लागु गरिएको छ । सो मापदण्ड अनुसार सिटि होटल लिमिटेडको नाममा रहेको जग्गालाई स्वतन्त्र मूल्याङ्कनकर्ताद्वारा पूनर्मुल्याङ्कन गरिएको र पूनर्मुल्याङ्कन पश्चात् ने.रु. ४६,७३,४५,४९३।६६ लाई Revaluation Reserve भनेर वित्तीय विवरणमा प्रस्तुत गरिएको छ ।

(ङ) **सम्पत्तिको मूल्याङ्कन गरिएको तरीका सम्बन्धी विवरण** : स्वतन्त्र मूल्याङ्कनकर्ता द्वारा उचित बजार मूल्यमा (FMV) पूनर्मुल्याङ्कन गरिएको ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :** यस कम्पनीको होटल पूर्ण रुपमा निर्माण भई औपचारिक शुभारम्भको कार्य समेत मिति २०७८ कार्तिक २९ मा भइसकेको छ । साथै, कम्पनीको रेष्टुरेन्ट, सेमिनार हल, ब्याङ्क्वेट हल २०७९ आषाढ मसान्तमा सञ्चालन आइसकेको छ ।

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १. | स्पा तथा सैलुन | निमार्ण कार्य सम्पन्न भई मिति २०७९ मंसिर ०४ गतेदेखि पूर्ण रुपमा सञ्चालनमा आएको । |
| २. | ब्याङ्क्वेट हलको क्षमता वृद्धि | जग्गा खरिद गरी कम्पनीको स्वामित्वमा आइसकेको र ब्याङ्क्वेट हल निर्माणको डिजाइन तयार भएपछि सो को निर्माण सम्बन्धी कार्य अगाडि बढाई बि.सं. २०८० आश्विन मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको । |
| ३. | क्यासिनो सञ्चालन | क्यासिनो सञ्चालन गर्नको निमित्त विदेशी कम्पनी श्री ग्याङ्क इन्टरटेन्मेन्ट होल्डिङ्गस प्रा. लि. सँग यस होटलको बेसमेन्ट नं. २ भाडामा दिने गरी सम्झौता भइसकेको र आ.व. २०७९/८० को तेस्रो त्रयामासदेखि सञ्चालनमा आउनेछ । |

यस होटलले प्रदान गर्ने सेवालाई थप विस्तार गर्न तथा सेवालाई गुणस्तरीय बनाउने उद्देश्यका साथ स्पा तथा सैलुनको निर्माण कार्य जारी रहेको छ । साथै, हालको ३५० सिट क्षमताको ब्याङ्क्वेट हल निर्माण भएकोमा थप २०० सिट क्षमता वृद्धि गर्ने उद्देश्य लिई आवश्यक जग्गा खरिद गरिसकिएको छ र डिजाइन सम्बन्धी कार्य जारी रहेको छ र सो ब्याङ्क्वेट हलको क्षमता वृद्धि सम्बन्धी निर्माण कार्यहरु वि.सं. २०८० आश्विन मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । उक्त ब्याङ्क्वेट हलको क्षमता वृद्धि पश्चात् वार्षिक रुपमा रु.९ करोडले आम्दानी वृद्धि हुने तथा रु.१.५ करोडले वार्षिक खुद नाफा वृद्धि हुने अनुमान रहेको छ ।

यसका साथै विदेशी पर्यटकलाई लक्षित गरी तथा होटलको आय वृद्धि गर्ने उद्देश्यले यस होटलमा क्यासिनो सञ्चालन गर्नको निम्ति विदेशी कम्पनी श्री ग्याङ्क इन्टरटेन्मेन्ट होल्डिङ्गस प्रा. लि. सँग यस होटलको बेसमेन्ट नं.२ भाडामा दिने गरी बहाल सम्झौता समेत गरिसकिएको छ। सो सम्झौता बमोजिम आ.व. २०७९/८० मा उक्त क्यासिनो सञ्चालनमा आउने र आ.व. २०७९/८० मा लगभग रु.२ करोडको भाडा बापतको आम्दानी थप हुनेछ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य:**

यस कम्पनीको प्रतिस्पर्धी बारे चर्चा गर्नु पर्दा देहायमा उल्लेखित पाँच तारे होटलहरु नै यस कम्पनीका मुख्य प्रतिस्पर्धी हुन् ।

| क्र. सं. | कम्पनीको नाम | होटलको ब्राण्ड | स्तर वर्गीकरण | रुम संख्या | रेष्टुरेन्ट/ बार/ ब्याङ्क्वेट/ हल | होटल परिसरमा क्यासिनो सञ्चालनमा रहे/नरहेको |
|---|---|---|---|---|---|---|
| (क) | **सिटि होटल लि.** | हायात प्लेस | पाँच तारे | १५३ | रहेको | योजनामा रहेको |
| **(ख) काठमाण्डौं उपत्यकाभित्र रहेका अन्य प्रतिस्पर्धी होटलहरुको विवरण :** | | | | | | |
| १. | सोल्टी होटल लि. | - | पाँच तारे | २८५ | रहेको | रहेको |
| २. | तारा गाउँ रिजेन्सी होटल लि. | हायात रिजेन्सी | पाँच तारे | २८० | रहेको | रहेको |
| ३. | ओरेन्टल होटल लि. | र्‍याडिसन | पाँच तारे | २६० | रहेको | रहेको |
| ४. | होटल याक एण्ड यती | - | पाँच तारे | २४६ | रहेको | रहेको |
| ५. | एभरेष्ट हस्पिटालिटि एण्ड होटल प्रा.लि. | मेरियट | पाँच तारे | २१४ | रहेको | रहेको |
| ६. | द मल्ल होटल | - | पाँच तारे | ९८ | रहेको | रहेको |
| ७. | साङ्ग्रिला होटल एण्ड रिसोर्ट | - | पाँच तारे | १०० | रहेको | रहेको |
| ८. | द एभरेष्ट होटल काठमाडौं | - | पाँच तारे | १६० | रहेको | रहेको |

कोभिड-१९ महामारी तीव्र रुपमा फैलिएसँगै नेपाल सरकारले गरेको लकडाउनका कारणले नेपालका होटल व्यवसायमा नकरात्मक असर परी नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकृत विभिन्न होटलहरुको मुनाफामा आ.व २०७७/७८ मा

गिरावट आएको देखिन्छ भने कतिपय होटलहरुले आफ्नो व्यवसाय समेत बन्द गर्नु परेको थियो । यसै सन्दर्भमा यस सिटि होटल लि. मिति २०७३/०४/१९ मा प्रा. लि.बाट पब्लिक लिमिटेडमा परिणत भई मिति २०७८/०८/१२ मा पाँच तारा स्तरको होटलमा वर्गीकृत भई लामो समय देखि होटल व्यवसायमा रहेका अन्य पाँच तारे होटलहरुसँग प्रतिस्पर्धा गरी आजको दिनमा राम्रो व्यवसाय तथा आम्दानी गरी नेपालको होटल व्यवसाय तथा नेपालको पर्यटन क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउँदै आएको छ । यस सिटि होटल लि.अन्तर्गत प्रर्वर्द्धित हायात प्लेस होटल नेपालमा भएका अन्य पाँच तारे होटलहरुमध्ये देश तथा विदेशका पर्यटकहरुले रुचाएको उच्चस्तरको ख्याति प्राप्त होटलको रुपमा रहेको छ ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार सात (७) जना सञ्चालक सदस्य रहने सञ्चालक समिति देहाय बमोजिम रहने उल्लेख छ :

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित | ५ |
| सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | १ |
| स्वतन्त्र सञ्चालक | १ |
| **जम्मा** | **७** |

सर्वसाधारणमा शेयर निष्काशन तथा बाँडफाँट पश्चात् सोही बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ। कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ तर नेपाल सरकार वा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुनेछैन भन्ने व्यवस्था रहेको छ ।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**(क)** **<u>अधिकृत पूँजी :</u>** कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००।-(अक्षरेपी दुई अर्ब मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००।-का दरले २,००,००,००० (अक्षरेपी दुई करोड मात्र) थान शेयरमा विभाजन गरिएको छ ।

**(ख)** **<u>जारी पूँजी :</u>** कम्पनीको जारी पूँजी रु.१,६७,४०,००,०००।-(अक्षरेपी एक अर्ब सतसठ्ठी करोड चालीस लाख मात्र) रहेको छ । उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले १,६७,४०,००० (अक्षरेपी एक करोड सतसठ्ठी लाख चालीस हजार मात्र) थान शेयरमा विभाजन गरिएको छ ।

(ग) **<u>चुक्ता पूँजी :</u>**कम्पनीले आफ्नो जारी पूँजी मध्ये रु.१,५०,६६,००,०००।-(अक्षरेपी एक अर्ब पचास करोड छैंसठ्ठी लाख मात्र) संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको तथा बाँकि रु.१६,७४,००,०००।- (अक्षरेपी सोह्र करोड चौहत्तर लाख मात्र) बराबरको १६,७४,००० (अक्षरेपी सोह्र लाख चौहत्तर हजार मात्र) कित्ता शेयर सर्वसाधारण(कर्मचारीहरु समेत) मा सार्वजनिक निष्काशनद्वारा जारी गर्नेछ । सर्वसाधारण (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरु, कम्पनीका कर्मचारीहरु समेत) का लागि छुट्टाइएको रु.१६,७४,००,०००।- (अक्षरेपी सोह्र करोड चौहत्तर लाख मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १६,७४,००० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,६७,४०,००,०००।-(अक्षरेपी एक अर्ब सतैंसठ्ठी करोड चालिस लाख मात्र) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्न बमोजिम परिवतर्न भएको छ :**

| सि.नं. | आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) |
|---|---|---|---|---|
| १ | २०७३/०७४ | १२,००,००,०००।- | १२,००,००,०००।- | १२,००,००,०००।- |
| २ | २०७८/०७९ | २,००,००,००,०००।- | १,६७,४०,००,०००।- | १,६७,४०,००,०००।- |

**(ख)** **निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख गरिएको शेयर पूँजीमध्ये संस्थापक शेयरधनी तथा तपसील बमोजिम अन्य समूहहरुमा धितोपत्र निष्काशन भई बाँडफाँट भए पश्चात् कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहनेछ :

| क्र. सं. | विवरण | शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी | १,५०,६६,००० | १,५०,६६,००,०००।०० | ९०% | शतप्रतिशत |
| २. | सर्वसाधारण (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरु, कम्पनीका कर्मचारीहरु समेत) | १६,७४,००० | १६,७४,००,०००।०० | १०% | यस विवरणपत्र मार्फत शेयर निष्काशन पश्चात् |
| | **जम्मा** | **१,६७,४०,०००** | **१,६७,४०,००,०००।००** | **१००%** | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :** सो नभएको ।

## ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

### ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमि :

(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

**आधारभूत शेयरधनीको विवरण**

| सि.नं. | नाम र पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/व्यवसायको अनुभव | अन्य कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री शक्ति कुमार गोल्याण अध्यक्ष | ४२ | नेपाली | का.म.न.पा.१० | ४८,७८,०६४ | बि.ए. (अनर्स) | संस्थापना कालदेखि सिटि होटल लि. मा अध्यक्षको रुपमा कार्यरत । | • कार्यकारी सञ्चालक – श्री गोल्याण ग्रुप, काठमाण्डौं ।<br>• प्रबन्ध सञ्चालक –श्री ट्राइकट इण्डष्ट्रिज प्रा.लि. ।<br>• अध्यक्ष तथा प्रबन्ध सञ्चालक – श्री वेष्टार प्रोपर्टिज लि. |
कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठीक छ भनी प्रमाणित गर्ने एस.ढकाल एण्ड चार्टर्ड एकाउण्टेण्ट्स, काठमाण्डौंका चार्टर्ड एकाउन्टेन्टले प्रमाणित गर्नु भएको छ ।

### ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

### ग.१०.क.धितोपत्र जारी गर्नुको उद्देश्य :

यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.१,६७,४०,००,०००।- (अक्षरेपी एक अर्ब सतसठ्ठी करोड चालीस लाख मात्र) को १०% अर्थात रु.१६,७४,००,०००।– (अक्षरेपी सोह्र करोड चौहत्तर लाख मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।– दरको १६,७४,००० कित्ता शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही शेयर निष्काशन गरी उक्त रकम परियोजना तथा व्यवसाय विस्तार एवं परियोजनाको पूर्व दायित्व भुक्तानी गर्ने मुख्य उद्देश्य रहेको छ ।

### ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :**

निष्काशित रकम तपसील बमोजिमको कार्यहरुमा प्रयोग गरिनेछ ।

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | ब्याङ्क्वेट हल विस्तार* | १२,००,००,०००।०० |
| २ | स्पा तथा सैलुन निर्माण तथा सो सम्बन्धी दायित्व | २,००,००,०००।०० |
| ३ | क्यासिनो सञ्चालकलाई भाडाँमा दिनु पूर्व सम्पन्न गर्नु पर्ने सम्पूर्ण निर्माण तथा तयारी कार्यहरु | १,५०,००,०००।०० |
| ४ | बैंकको साँवा भुक्तानी | १,२४,००,०००।०० |
| | **जम्मा** | **१६,७४,००,०००।००** |

***नोट : १.** सञ्चालक समितिको मिति २०७९।०४।०३ गते बसेको बैठकमा सम्पूर्ण सञ्चालकहरुले बैडक्वेट हल विस्तारको लागि प्रस्तावित पूँजीको उच्च लगतको रहेकोले सो परिमार्जन गरी डिजाइन सहित आगामी बैठकमा प्रस्तुत गर्ने निर्णय गरिएको थियो ।

२. सञ्चालक समितिको मिति २०७९।०५।०८ गते बसेको बैठकमा बैडक्वेट हल विस्तारको विषय उपर छलफल हुँदा पूँजीको उच्च लगतलाई परिमार्जित गरी बैडक्वेट हलको डिजाइन गर्ने र सोही अनुसार बैडक्वेट हल विस्तारको कामकारवाही अगाडी बढाउने निर्णय गरिएको थियो ।

३. सञ्चालक समितिको मिति २०७९।०६।०७ गते बसेको बैठकमा बैडक्वेट हल विस्तारका लागि आवश्यक जग्गा खरिद गरी कम्पनीको स्वामित्वमा ल्याइएको छ । बैडक्वेट हल निर्माणको डिजाइन मिति २०७९ साल मंसिर १५ गतेसम्म तयार गरी मिति २०७९ पुष १५ गतेबाट निर्माण सम्बन्धी कार्य अगाडि बढाई सकिएको र मिति २०८० को आश्विन मसान्तसम्ममा निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरिएको थियो । उक्त बैडक्वेट हल बनीसके पछि त्यसको क्षमता २०० जनासम्म अटाउने रहेको छ ।

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था:**

कम्पनीको शेयर निष्काशन गर्दा निष्काशित शेयरभन्दा अधिक मात्रामा आवेदन प्राप्त भैरहेको हुँदा यस कम्पनीको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने अपेक्षा गरिएको छ । कथंकदाचित् निष्काशन गरिने शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रभु क्यापिटल लि., कमलादी, काठमाण्डौसँग निष्काशित रकमको शत् प्रतिशत अर्थात १६,७४,००० थान साधारण शेयरका लागि प्रत्याभूति सम्झौता गरिएको छ ।

**(ग) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** परियोजनाको निर्माणको लागत र २०७९ असार मसान्तसम्म सम्पन्न भएको कामको विवरण एवं बाँकी रहेको कामको रकम सहितको विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

| सि. नं. | विवरण | परियोजनामा लागेको खर्च (रु.) | परियोजनामा लाग्ने बाँकी अनुमानित खर्च (रु.) | परियोजना समाप्त भैसकेको भए सो को विवरण |
|---|---|---|---|---|
| १ | होटल, रेष्टुरेन्ट, ब्याङ्क्वेट तथा सभा हल | ५,०४८,४६४,६५१ | २०९,५९५,७६० | १५ नोभेम्वर २०२१ देखि आंशिक रुपमा सञ्चालनमा आएको । |

**(घ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

| क्र.सं. | खरिद गरेको उपकरण | | सप्लायर्सको नाम | उपकरणको मुल्य (रु.) |
|---|---|---|---|---|
| १. | CCTV & Acess Control System | Dell Optimex 7060MT/Neptune (FAAC) | M/S Zerone Technology International Zerone Pvt. Ltd., India | ५४,३४,४२७.२० |
| | | Hikvision DS-2CD2725FWD-IZS | | ५६,३४,२४०.०० |
| २. | Chiller Machine | 30*W-V200 A Chiller Sno. 17198000002 | M/S Carrier Airconditioning & Refrigerator Ltd., India | ५१,२०,०००.०० |
| | | 30*W-V200 A Chiller Sno. 17198000001 | | ५१,२०,०००.०० |
| ३. | Generator | | M/S Jakson Ltd., India | २,९५,०७,२७२.०३ |
| ४. | Low Voltage | | M/S Zerone Technology Pvt. Ltd., India | ८६,६१,३७०.०३ |
| ५. | Elevator | Kone | M/S Kone Elevator Pvt. Ltd., India | ७१,४१,७७४.१२ |
| | | OTIS | M/S Continental Trading Enterprises Pvt. Ltd., Nepal | ४६१,०९,०९४.६९ |
| ६. | Air Conditioner | | M/S Himal Refrigerator, Nepal | ५१,१८,९००.०० |

| | | | |
|---|---|---|---|
| ७. | Gym Equipment | M/S Precor Inc., USA | ४४,४९,३५८.३७ |
| ८. | Cool Room Equipment | M/S Trufrost Cooling Pvt. Ltd., India | ९५,८३,६५४.६५ |
| ९. | LG TV | M/S Aarco One Pvt. Ltd., India | १,४६,३१,७९५.०२ |
| १०. | Transformer | M/S Conquerent Control System Pvt. Ltd., India | २५,००,०००.०० |
| ११. | Water Treatment Plant | M/S Trillenium Enterflow Ltd., India | ३,००,००,०००.०० |
| १२. | UPS | M/S Riello Power Pvt. Ltd., India | ५६,१०,३११.९६ |
| १३. | LT Panel | M/S Ambit Switchgear Pvt. Ltd., India | १,१६,५५,१८३.९० |
| १४. | Heat Pump | M/S Carrier Asia Ltd., India | १,२०,८५,४६९.४२ |

(ङ) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** यस कम्पनीले हायात इन्टनेशनल कर्पोरेसनसँग होटल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्झौता गरेको छ। सो सम्झौताको अवधि ३५ (पैतिस) वर्ष रहेको छ । साथै, हायात चेन सर्भिसेजसँग विश्वव्यापी मार्केटिङको लागि Chain Marketing Services Agreement समेत गरेको छ ।

(च) **उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** सो नभएको ।

(छ) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** पर्यटन व्यवसायसँग सम्बन्धित होटल व्यवसाय भएकाले कच्चा पदार्थ आवश्यक नभएको। होटल, रेष्टुरेन्ट तथा ब्याङ्क्वेटमा चाहिने खाद्य सामाग्रीहरु स्थानिय बजारबाट खरिद गरी आपूर्ति गरिने ।

(ज) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्याँसको मात्रा र त्यसको श्रोत :** आयोजनाका लागि आवश्यक विद्युत, नेपाल आयोजनाका लागि आवश्यक विद्युत, नेपाल विद्युत प्राधिकरणको मिटर राखी उपभोग गरिएको र उक्त स्रोतको अभावमा लगभग २००० KVA क्षमताको डिजेल जेनेरेटर समेत रहेको छ ।

(झ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु.१,००,०००।-
(आ)ट्रष्टी (डिबेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।
(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – रु.२०,०००/– (VAT बाहेक)
(ई) प्रत्याभूतिकर्ताको शुल्क – रु. २,५०,०००/–
(उ) लेखापरिक्षकको शुल्क – रु. १,२५,०००/– (VAT बाहेक)
(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि)– सो नभएको

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** सो नभएको ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रक्रिया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१.शेयर बाँडफाँट गर्दा सर्बप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ।
२.बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ।
३.बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रक्रिया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रक्रिया अपनाई बाँडफाँट गरिने छ।
४.उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरिने छ।
५.शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिइनेछ।
६.शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलिपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ।
७.कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँट गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ। साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतिकर्ता बीच भएको प्रत्याभूति सम्बन्धी सम्झौता बमोजिम प्रत्याभुतिकर्ताले खरिद गर्नेछ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः** शेयर बापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम आस्बामा सहभागी सदस्य बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ। उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँट गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँट भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम आस्बामा सहभागी सदस्य बैंक तथा वित्तीय संस्थाहरुबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने हुन्छ र आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधी :** निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :** सो नभएको।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँट गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोबार हुने व्यवस्था मिलाइनेछ।

(छ) **विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार सर्वसाधारणहरुमा निष्काशन गरी बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण तथा सिडिएससी एण्ड क्लियरिङ्ग लि.मा दर्ता गरी एकैसाथ खरिद बिक्रीको व्यवस्था मिलाइने छ।

(ज) निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको १६,७४,००० कित्ता धितोपत्रको लागि धितोपत्रको १०० प्रतिशतले हुन आउने १६,७४,००० कित्ता साधारण शेयरको लागि मिति २०७८/१२/२५ मा प्रभु क्यापिटल लि. सँग प्रत्याभूति सम्झौता भएको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

१. निष्काशनकर्ताले सार्वजनिक शेयर निष्काशनको लागि नियुक्ती गरेको प्रत्याभूतिकर्तालाई सेवा शुल्क बापत रु.२,५०,०००।- (अक्षरेपी दुई लाख पचास हजार मात्र) उपलब्ध गराउनेछ ।

२. प्रथम पक्षले सर्वसाधारणमा निष्काशन गर्न लागेको प्रति शेयर अंकित मूल्य रु.१००।– दरका १६,७४,००० कित्ता शेयरको जम्मा मुल्य रु.१६,७४,००,०००/– को शतप्रतिशतको दरले प्रत्याभूतिकर्ताले प्रत्याभूति गर्न मञ्जुर गर्दछ ।

३. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताको दायित्व प्रत्याभूति गरेको धितोपत्रमा मात्र सीमित हुनेछ ।

४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभूतिकर्ताले उक्त शेयरको दायित्वमा सीमित हुने गरी खरीद गर्ने सहमती जनाएको छ ।

५. यस सम्झौता पत्रको अवधि मिति २०८०/०२/२४ सम्म थप गरिएको छ ।

६. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको जानकारी प्राप्त पश्चात् सम्झौता पत्र स्वतः खारेज हुनेछ ।

७. उक्त अवधिमा प्रत्याभूति कार्य सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा आपसी सम्झदारीमा समाधान गरिनेछ तर सम्झदारीमा आउन नसक्ने अवस्थामा मध्यस्तकर्ताको सहभागितामा समाधान गरिने छ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रक्रिया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रक्रिया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ ।

**(ख) कम्पनीको प्रबन्धपत्र, नियमावली तथा विवरणपत्र प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरु तथा तोकिएको स्थानहरुबाट कम्पनीको प्रबन्धपत्र, नियमावली र विवरणपत्र हेर्न सकिनेछ ।

१. यस कम्पनीको रजिष्टर्ड कार्यालय बाग्मती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १३, छिन्नलता चोक, सोल्टी मोड, कालिमाटी, काठमाण्डौं ।

२. शेयर निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लि., काठमाण्डौं महानगरपालिका वडा नं. १, नक्साल, काठमाण्डौं ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरमध्ये सर्वसाधारणका लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० -दश) कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम २,००० (दुइ हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपाली नागरिकहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन् ।

२. यस निष्काशनको लागि १५ (पन्ध्र) दिनको अवधि तोकी आव्हान पत्र प्रकाशित गरिनेछ ।

३. आवेदन दिंदा बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिटचान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नु पर्नेछ ।
४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकको विप्रेषण (रेमिटचान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा पचास हजार नेपाली रुपैयाँ आफू रोजगार रहेको मुलुकबाट आफैले जम्मा गरेको हुनुपर्नेछ ।
५. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकले हितग्राही खाता खोल्दा विद्युतीय माध्यमबाट समेत खोल्न सक्नेछन् । यसको लागि सम्बन्धित निक्षेप सदस्यले ग्राहक पहिचान विवरण रुजु गरी हितग्राही खाता खोल्न सक्नेछन् ।
६. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुका लागि बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाले विद्युतीय माध्यमबाट सिआरएन नम्बर लिई आवेदन दिने व्यवस्था गर्न सक्नेछ ।
७. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याएको शेयरमा आवेदन गर्न सक्ने छैन ।

**सर्वसाधारणमा निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रक्रिया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् :**

१. यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।
२. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।
३. सर्वसाधारणको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको **"मेरो शेयर"** सफ्टवयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् ।
४. रीतपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएस एण्ड क्लियरिङ्ग लि.को अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले यकिन गर्नुपर्नेछ ।
५. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ ।
६. धितोपत्र बाँडफाँट गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।
७. शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात् बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।
**८.** रु.५,००,०००।- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) खुलाउनुपर्नेछ ।
९. संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा संगठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षसम्म सम्बन्धित संगठित संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै व्यक्ति वा त्यस्ता ब्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न गराउन वा हस्तान्तरण गर्न वा लेनदेन गर्न सक्नेछैन ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्षबीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति : यस कम्पनीका सञ्चालक शक्ति कुमार गोल्याण तथा अक्षय गोल्याणको संयुक्त लगानी रहेको वेस्टर ग्यालेक्सी ट्रेडिङ्ग प्रा.लि.सँग यस सिटि होटल लिमिटेडले घर भाडा सम्झौता गरी होटलको स्वामित्वमा रहेको भवनको केही भाग उक्त वेस्टर ग्यालेक्सी ट्रेडिङ्ग प्रा.लि.लाई उपलब्ध गराएको र सो वापत यस होटलले मासिक रुपमा ने.रु.३,४४,०००।- भाडा लिँदै आएको छ ।

(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :

| **क्र.सं.** | **कम्पनीको नाम** | **क्र.सं.** | **कम्पनीको नाम** |
|---|---|---|---|
| १. | वेष्टार प्रोपर्टिज लि. | २१. | चिरायु एग्रो फार्म प्रा.लि. |
| २. | मिजु इनर्जी लि. | २२. | बृहत एग्रो फार्म प्रा.लि. |
| ३. | शिवम प्लास्टीक इण्डष्ट्रि लि. | २३. | अर्पण एग्रो फार्म प्रा.लि. |
| ४. | वेस्ट स्टार कन्स्ट्रक्सन प्रा.लि. | २४. | पायोनियर इनर्जी प्रा.लि. |
| ५. | सिटि ग्रुप डेभलपर्स प्रा.लि | २५. | पियोर इनर्जी लि. |
| ६. | सिटि ग्रुप विल्डवेल प्रा.लि | २६. | पोजेटिभ इनर्जी प्रा.लि. |
| ७. | सिटि ग्रुप स्टेट प्रा.लि | २७. | प्रोग्रेसिभ इनर्जी प्रा.लि. |
| ८. | सिटि ग्रुप हाउजिङ्ग प्रा.लि | २८. | प्रेजेन्ट इनर्जी प्रा.लि. |
| ९. | सिटि टाउनसिप प्रा.लि. | २९. | नामलान इनर्जी प्रा.लि. |
| १०. | सिटि स्टार गृह प्रा.लि. | ३०. | अपोलो इनर्जी प्रा.लि. |
| ११. | सिटि रियल कन्स्ट्रक्सन प्रा.लि. | ३१. | एलिभेट इनर्जी प्रा.लि. |
| १२. | सिटि इन्फ्रास्ट्रक्चर प्रा.लि | ३२. | लक्की इनर्जी प्रा.लि. |
| १३. | सिटि प्रोपर्टिज प्रा.लि. | ३३. | वेस्टार इनर्जी प्रा.लि. |
| १४. | रेड ओपल डेभलपर्स प्रा.लि. | ३४. | नेक्सस् इन्जिनियरिङ कन्सल्टेन्सि एण्ड कन्स्ट्रसन प्रा. लि. |
| १५. | गोल्यान एग्रो प्रा.लि. | ३५. | गोल्याण ग्रुप |
| १६. | शुयोग्य एग्रो फार्म प्रा.लि. | ३६. | वेस्टार ग्यालेक्सी ट्रेडिङ्ग प्रा.लि. |
| १७. | सम्राट एग्रो फार्म प्रा.लि. | ३७. | ट्राइकट इण्डष्ट्रिज प्रा.लि. |
| १८. | समर्पण एग्रो फार्म प्रा.लि. | ३८. | गोल्याण टावर प्रा.लि. |
| १९. | लक्ष्य एग्रो फार्म प्रा.लि. | ३९. | एक्स्ट्रा सफ्टेक प्रा.लि. |
| २०. | इष्टर्न एग्रिकल्चर फार्म प्रा.लि. | ४०. | आकाश एग्रो एण्ड फरेष्ट्रि प्रा.लि. |

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोबार वा सम्झौता गरेको छैन ।

(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : सो नभएको ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** यस कम्पनीले अन्तराष्ट्रिय कम्पनी Hyatt International–South West Asia Ltd. सँग प्रविधि हस्तान्तरण सम्झौता गरेको र हायात प्लेस (Hyatt Place) नामक टेड्रमार्क प्रयोग गर्ने गरी उद्योग विभागबाट स्वीकृति प्राप्त गरेको छ । साथै व्यवस्थापन सम्झौतासँगै निम्न बुँदाहरुलाई समावेश गरी सम्झौता गरिएको छः

- चेन मार्केटिङ सर्भिस सम्झौता
- रिजर्भेसन सम्झौता
- गोल्ड पासपोर्ट सम्झौता
- लेटर सम्झौता

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्याः** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडि धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

**ग.१५. परामर्शदाता/ विशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगानाः**

अ) कम्पनीको आ.व.२०७८/०७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षणको निम्ति ए.एस.आर. एण्ड एशोसिएट्स चार्टर्ड एकाउण्टेन्ट्स, काठमाण्डौंलाई नियुक्ती गरिएको छ ।

आ) कम्पनीको आ.व.२०७८/०७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण ए.एस.आर. एण्ड एशोसिएट्स चार्टर्ड एकाउण्टेन्ट्स, काठमाण्डौंले गर्नुभएको छ ।

इ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

ई) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| क्र. सं. | निष्काशन बैंकको नाम, ठेगाना | बैंक खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | श्री ग्लोबल आइएमई बैंक लिमिटेड, कान्तिपथ, काठमाण्डौं | GICL-BTI City Hotel IPO | 00101010079204 |

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस धितोपत्र निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

उ) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु व्यवसाय सञ्चालनको स्थिति, दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेण्ट संस्था श्री एस.ढकाल एण्ड एसोसिएट्सले प्रमाणित गर्नु भएको छ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** :

(१) संकलन केन्द्रहरुको निर्धारण गर्ने ।

(२) बैंकर टु दि इस्युको निर्धारण गर्ने ।

(३) आवश्यकता अनुसार सूचना प्रकाशनमा सहयोग गर्ने ।

(४) आवश्यकता अनुसार बैंक तथा संकलन केन्द्रहरुमा पत्राचार गर्ने ।

(५) दैनिक संकलनको विवरण लिने, पठाउने तथा संकलन गर्ने र सो को तथ्यांक नेपाल धितोपत्र बोर्डमा जानकारी गराउने ।

(६) निष्काशनको क्रममा प्राप्त रकम बैंकर टु दि इस्युमा राख्ने, झिक्न सहयोग गर्ने र प्राप्त रकमको हिसाब मिलान गर्ने ।

(७) शेयर निष्काशन पश्चात् C-ASBA प्रणाली बाट डाटा लिने, प्रोसेसिङ्ग गर्ने, बाँडफाँट मोडेल बनाउन सघाउने साथै बाँडफाँटमा सहयोग गर्ने ।

(८) बाँडफाँट पश्चात् सम्बन्धित व्यक्तिहरुको Demat खातामा अभौतिक शेयर जम्मा गरी शेयर सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ताका लागि कम्पनीलाई आवश्यक सहयोग गर्ने ।

(९) शेयर निष्काशनका क्रममा आइपर्ने अन्य सम्पूर्ण कार्यहरु गर्न गराउनेमा सहयोग गर्ने ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** निम्न बैंकहरुबाट ऋण प्राप्त गरी कम्पनीले आफ्नो कारोबार सञ्चालन गरिरहेको छ ।

| क्र. सं. | बैंकको नाम | कर्जाको भुक्तानी अवधी | किस्ता भुक्तानी को तरिका | शुरुको ब्याज दर (प्रतिशतमा) | हालको ब्याज दर (प्रतिशतमा) | हाल सम्म भुक्तानी भएको कर्जा रकम (रु. हजारमा) | बाँकी कर्जा रकम (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लि. | | | | भारित औषत आधार दरमा | - | १,०७९,११० |
| २. | नेपाल एसबिआई बैंक लि. | | | | | - | ४७३,५९१ |
| ३. | सानीमा बैंक लि. | | | | | - | ४८७,२६४ |
| ४. | सिद्धार्थ बैंक लि. | | | | | - | २०५,३१६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | राष्ट्रिय बाणिज्य बैंक लि. | १२ | चौमासिक | ११ | १.५ प्रतिशत प्रिमियम थप | - | १२९,१९७ |
| ६. | नेपाल बैंक लि. | | | | | - | ४०९,६१३ |
| ७. | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि. | | | | | - | ४२५,०६८ |
| | **जम्मा** | | | | | - | ३,२०९,१५९ |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सँजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सँजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् ।

१. निष्काशनकर्ता कम्पनीको तर्फबाट श्री सुन्दर बहादुर सेनी फोन नं.९८०१०९७३०९ तथा इमेल: info@cityhotel.com.np

२. निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट श्री नलिना श्रेष्ठ - फोन नं. ०१–५९७०१३८ तथा इमेलः info@gicl.com.np

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमानहरु तथा आधारहरु गत आ.व.हरुको लेखापरिक्षण भईसकेका वित्तीय विवरणहरु, कम्पनीका Costing तथा Pricing हाल रहेको ग्राहक तथा उपलब्ध सेवाहरु, Suppliers सँग भएका सम्झौताहरु, बैंकसँग गरिएका सम्झौताहरु, नयाँ ग्राहक बनाउने योजनाहरु, कम्पनीको हालको बजारको अवस्था र भावी बजार सुदृढिकरणका योजनाहरु, कम्पनीका सञ्चालक तथा व्यवस्थापनको दक्षता र कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेन्ट संस्था श्री एस. ढकाल एण्ड एसोसिएट्स, काठमाण्डौंले प्रमाणित गर्नु भएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

हालसम्म सञ्चालक समितिमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ :

| क्र. सं. | सञ्चालकहरुको नाम | पद | प्रतिनिधित्व गरिएको संस्था | सञ्चालकमा बहाल रहेको अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | |
| १. | श्री बासुदेव गोल्याण | सञ्चालक | - | वि.सं.२०७३ | वि.सं.२०७८ | राजीनामा दिएको |

**<u>लेखापरीक्षकमा भएको परिवर्तन</u>** : लगातार ३ वर्षभन्दा बढी एकै व्यक्तिले लेखापरिक्षण गर्न नपाउने नियमानुसार लेखापरीक्षकमा परिवर्तन हुने गरेको छ । सो देहाय बमोजिम रहेको छ ।

| क्र. सं. | लेखापरीक्षकको नाम, ठेगाना | लेखापरीक्षण गरेको आ.व. |
|---|---|---|
| १ | ए.एस.आर एण्ड एसोसिएट्स, काठमाण्डौं | २०७८/७९ |
| १ | ए.एस.आर एण्ड एसोसिएट्स, काठमाण्डौं | २०७७/७८ |
| २ | ए.एस.आर एण्ड एसोसिएट्स, काठमाण्डौं | २०७६/७७ |

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता** : बझाङ जिल्ला, जयपृथ्वी नगरपालिका वडा नं. १० बस्ने अधिवक्ता सुन्दर बहादुर सेनीले एल.एल.बि. को योग्यता हासिल गरी कानुन तथा अधिवक्ताको क्षेत्रमा विभिन्न तहको जिम्मेवारी वहन गर्नु भएको एवं विगत ८ वर्षदेखि कानुनको क्षेत्रमा क्रियाशिल रहनु भएका निजलाई यस कम्पनीको कम्पनी सचिवको रुपमा हालै नियुक्त गरिएको छ ।

(घ) **सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :** कम्पनीको मिति २०७८/०८/२३ मा सम्पन्न भएको विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन पश्चात् कायम हुने कम्पनीको जारी पूँजी र सर्वसाधारणमा जारी गरिने शेयरको सम्बन्धमा छलफल हुँदा कम्पनीको जारी पूँजी रु.१,६७,४०,००,०००/– (अक्षरेपी एक अर्ब सत्सठ्ठी करोड चालीस लाख मात्र) कायम गरी उक्त जारी पूँजीको १० (दश) प्रतिशतले हुन आउने रु.१६,७४,००,०००/– (अक्षरेपी सोह्र करोड चौहत्तर लाख मात्र) बराबरको १६,७४,००० कित्ता साधारण शेयर जारी गर्ने सर्वसम्मतिले निर्णय भएको ।

(ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो भएको ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड कार्यालय, वाग्मती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १३, छिन्नलता चोक, सोल्टी मोड, काठमाण्डौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, काठमाण्डौं महानगरपालिका वडा नं.१, लक्ष्मण बाबु भवन, पहिल्लो तल्ला, नक्साल, काठमाण्डौ ।

(छ) **बोनस शेयर सम्बन्धी व्यवस्था :** सो नभएको ।

(ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :** यस विवरणपत्र मार्फत प्रति शेयर अंकित मूल्य रु.१००।– दरले हुने रकम रु. १६,७४,००।०००।– बराबरको १६,७४,००० कित्ता शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिने र सो मध्ये नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुका लागि छुट्टाइएको १० प्रतिशत अर्थात १,६७,४०० कित्ता शेयर, सामुहिक लगानी कोषहरुको लागि छुट्टाइएको ५ प्रतिशत अर्थात ८३,७०० कित्ता शेयर र कम्पनीका कर्मचारीहरुको लागि छुट्टाइएको ५ प्रतिशत अर्थात ६६,९६० कित्ता शेयर सुरक्षित गरिएको छ । यसरी सुरक्षित गरी छुट्याइएको शेयर मध्ये श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुको हकमा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम बाँडफाँट गरिनेछ भने कर्मचारीहरुको हकमा कम्पनीको सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ तथा सामुहिक लगानी कोषको हकमा सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँट गरिनेछ । नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहेका नेपाली नागरिकहरु, कर्मचारी तथा सामुहिक लगानी कोषहरुबाट सम्पूर्ण शेयरको लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा समायोजन गरी निष्काशन गर्ने व्यवस्था गरिएको छ ।

(झ) **कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण:**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायराभित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ । कम्पनीका कुनै पनि सञ्चालक तथा आधारभुत शेयरधनीहरु कालोसुचीमा नरहेको साथै योग्य रहेको कम्पनीको उद्घोषण रहेको छ ।

कम्पनीको मिति २०७९/०८/२२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार मिति २०७९/०९/२२ गते सम्पन्न सातौं वार्षिक साधारणसभाले लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/७९ को वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण र नगद प्रवाह विवरण पारित गरेको र वार्षिक

साधारणसभाहरु नियमित रुपमा गर्ने गरेको छ । साथै, यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. २०७८/०७९ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक वर्षसम्म यस कम्पनी अद्यावधिक रहेको व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१०/२४ गतेको पत्रबाट प्राप्त भएको छ ।

(ञ) **धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :** यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरको आवेदन फारम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुमा दरखास्त रकम बुझाउन सकिनेछ ।

(ट) **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्योर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट इस्योर रेटिङ्ग गराई **"CARE-NP BB+(Is)" "[Double B Plus (Issuer)"** प्रमाणपत्र प्राप्त गरेको छ। **"CARE-NP BB+(Is)"** ले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । इस्योर रेटिङ्ग प्रदान गरेको मिति २०७८/१२/२२ (तदनुसार अप्रिल ०५, २०२२) र बहाल रहने अवधि मिति २०८०/१२/२३ (तदनुसार अप्रिल ०५, २०२४) सम्म रहेको छ।

(ठ) **विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, का.म.न.पा.वडा नं. १, नक्सालस्थित लक्ष्मण बाबु भवनको पहिल्लो तल्लामा रहेको छ ।

(ड) **सकारात्मक पक्षहरु :**

- कम्पनी तथा परियोजनाको व्यवस्थापनमा दक्ष एवं अनुभवी जनशक्ति रहेकोले कम्पनी अन्तर्गत रहेका सबै परियोजनाहरु सफल हुने अपेक्षा गरिएको,
- कम्पनीको पाँच तारे होटल हालसालै खुलेको र सो को व्यवसाय समेत राम्ररी सञ्चालनमा आइरहेको, र
- कम्पनीमा रहेका विभिन्न पदका व्यक्तिहरुलाई बहुआयामीक तालिम तथा प्रशिक्षण प्रदान गरी होटलको व्यवसाय वृद्धि गर्न कम्पनी तत्पर रहेको छ ।

(ण) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

(त) **धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपाली नागरिकहरुका लागि निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि १५ (पन्ध्र) दिनको हुनेछ । उक्त अवधिमा वैदेशिक रोजगारीमा गएका सार्वसाधारणका लागि निष्काशन गरेको शेयर पूरा बिक्री नभएमा उक्त बिक्री नभई बाँकी रहन गएमा त्यस्तो शेयर सर्वसाधारण समूहमा थप गरी सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा ४(चार) कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आबेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५(पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

**ग.२३. (क) बैंकिङ्ग, वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य संगठित संस्था धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ उप-नियम (३) बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन गर्दा देहायका शर्तहरु पुरा गरेको हुनु पर्नेछ :**

| क.सं. | शर्तहरु | पालना भए/नभएको |
|---|---|---|
| क. | आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको । | भएको । |
| ख. | प्रचलित कानून बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको । | गरेको । |
| ग. | आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट ईजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो ईजाजत, अनुमति वा स्वीकृति लिइसकेको । | लिइसकेको । |
| घ. | संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको । | गरिसकेको । |
| ङ. | कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रक्रिया अगाडि बढाई सकेको । | प्रक्रिया अनुसार भएको । |
| च. | धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भैसकेको । | भएको । |
| छ. | आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको । | लागू नहुने । |
| ज. | संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको । | भएको । |
| झ. | आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको । | लागू नहुने । |
| ञ. | आयोजनासँग सम्बन्धित अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको । | लागू नहुने । |
| ट. | सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशनमा तोकिए बमोजिम प्रत्याभूति गराएको । | भएको । |

**(ख) यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

| सि.नं. | सञ्चालकको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री शक्ति कुमार गोल्याण<br>का.म.न.पा.१०, काठमाण्डौं । | अध्यक्ष | |
| २. | श्री कुमुद गोल्याण<br>वि.उ.म.न.पा.१७ | सञ्चालक | |
| ३. | श्री अक्षय गोल्याण<br>का.म.न.पा.१३, काठमाण्डौं । | सञ्चालक | |
| ४. | श्री कमलेश कुमार अग्रवाल<br>वि.उ.म.न.पा.०५ | सञ्चालक | |
| ५. | श्री हरिश्चन्द्र सुवेदी<br>तोपगाछि १,झापा | सञ्चालक | |
| ६. | श्री प्रदीप राज पाण्डे<br>का.म.न.पा.३०, काठमाण्डौं । | स्वतन्त्र सञ्चालक | |

## ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

**Global IME Capital Limited**
ग्लोबल आइएमई क्यापीटल लिमिटेड
GROW WITH US

39081
*Regd No. 1067/064/065*

प.सं. : IM/८३३/२०७९/८०, चलानी नं.: २५९२

मिति : २०७९/०९/२९

**श्री नेपाल धितोपत्र बोर्ड,**
**खुमलटार, ललितपुर ।**

**बिषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महोदय,

बाग्मती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१३, छिन्नलताचोक, सोल्टीमोड, काठमाण्डौंमा रजिष्टर्ड कार्यालय रहेको श्री सिटि होटल लिमिटेडले होटल समूह अन्तर्गत प्रति कित्ता अंकित मूल्य रु.१००।– दरका १६,७४,००० कित्ता शेयरहरु सार्वजनिक निष्काशन गर्न लागेकोले निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मन्जुर गर्दछौं । शेयरहरु निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा कम्पनीले उपलब्ध गराए बमोजिम देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको "विवरणपत्र" मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानुन अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशित शेयर, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. कम्पनीले निष्काशन गर्न लागेको शेयरका लागि आवेदन दिने आवेदकहरुलाई "विवरणपत्र" तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेखित सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक** :

ग्लोबल आइएमई क्यापीटल लिमिटेडको तर्फबाट

नाम : पराग विष्ट
पदः : ना.प्रमुख कार्यकारी अधिकृत

सही : ______
कार्यालयको छाप

श्री नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकर (निष्काशन तथा बिक्री प्रबन्ध, शेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभुति, लगानी व्यवस्थापन र संस्थागत परामर्श), निक्षेप सदस्य तथा

**ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :**

**S. Dhakal & Associates**
**Chartered Accountants**
**Mem/COP No. 510/474**
**Firm No. 392**
**PAN 600310383**

**Address : Kathmandu, Nepal**
**Cell No. : 977-9841685799**
**Email : samratdu@gmail.com**

***Certification of Projected Financial Statements***
***of***
***City Hotel Limited***

We have examined the projected Financial Statements of City Hotel Limited, for the financial years from 2079/80 to 2081/82, in accordance with applicable standards on auditing applicable to the examination of prospective financial examination of prospective financial information. Management is responsible for the projection including the assumptions set out in Annex-I on which it is based.

This projection has been prepared for the purpose of issue of ***Initial Public Offering (IPO)*** and the projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and corresponding management's actions to ensure their occurrence. Consequently, readers' are cautioned that this projection may not be appropriate for purpose other than that described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention, which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions and is presented in accordance with applicable accounting standard.

Even if many events anticipated under the hypothetical assumptions described above occur, financial results presented in the projection may not be completely same as actual results are likely to be different from the projection since anticipated entire events frequently do not occur as expected and the variations may be even material.

For, S. Dhakal & Associates
Chartered Accountants,

S. Dhakal & Associates Chartered Accountants

..............................
Subrat Dhakal, FCA
Proprietor

Date: 31.08.2022
Place: Kathmandu, Nepal